सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको )

# २०७९ साल मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरू

## (स्वतः प्रकाशन)


गण्डकी प्रदेश सरकार

कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, गोरखा

फोन नः ०६४४२०११३/०६४४२१५९४

ईमेलः\इमेलः akcgorkha@gmail.com

वेबसाईटः Gorkha.akc.gov.np


२०८० बैशाख

विषयसुची


१ कृषि ज्ञान केन्द्रको पृष्ठभूमि ........ १

२ कृषि ज्ञान केन्द्रको कार्य विवरण ........ १

३ कृषि ज्ञान केन्द्रको संगठनात्मक ढाँचा एवमं दरबन्दी विवरण ........ ३

३.१ संगठनात्मक ढाँचा ........ ३

३.२ दरबन्दी विवरण ........ ५

४ कर्मचारीहरूको कार्यविवरण ........ ६

४.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण ........ ६

४.२ योजना शाखा ........ ६

४.२.१ कृषि अर्थ विज्ञ (७/८ औं, एग्री इको) पदको कार्यविवरण ........ ६

४.२.२ प्राविधिक सहायक/अधिकृत (५/६ औं, कृषि प्रसार) पदको कार्यविवरण ........ ७

४.३ विशेषज्ञ सेवा शाखा ........ ७

४.३.१ बागवानी बिकास अधिकृत (७ /८ औं, कृषि प्रसार) पदको कार्यविवरण ........ ७

४.३.२ बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण ........ ८

४.३.३ प्राविधिक सहायक/अधिकृत (५/६ औं, बागवानी) पदको कार्यविवरण ........ ८

४.३.४ प्राविधिक सहायक/ अधिकृत (५/६ औं, माटो ) पदको कार्यविवरण ........ ८

४.४ प्रशासन शाखा ........ ९

४.४.१ लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण ........ ९

४.४.२ सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण ........ ९

५ कृषि ज्ञान केन्द्रबाट प्रदान गरिने सेवा ........ १०

६ कृषि ज्ञान केन्द्र, गोरखाको शाखा र जिम्मेवार अधिकारी ........ १२

७ सम्पादन गरेका मुख्य मुख्य कामको विवरण ........ १२

७.१ प्रशासन शाखा ........ १२

७.२ योजना शाखा ........ १२

७.३ विशेषज्ञ सेवा शाखा ........ १३

८ सुचना अधिकारी र प्रमुखको नाम पद ........ १४

९ आर्थिक कारोबार सम्बन्धी आद्यावधिक विवरण ........ १४

९.१ बार्षिक बित्तिय प्रगति प्रतिवेदन २०७९/८० (प्रथम चौमासिक) ........ १४

९.२ बेरूजु विवरण ........ १५

९.३ राजस्व विवरण ........ १५

१० कृषि ज्ञान केन्द्र, गोरखाको कार्यक्षेत्र रहेको पालिकामा कार्यरत कृषि प्राविधिकहरूको सम्पर्क विवरण ...... १५

## १ कृषि ज्ञान केन्द्रको पृष्ठभूमि

गोरखा जिल्लामा कृषकहरूले परापूर्व कालदेखि गरी आएको कृषि पद्धतिलाई परिमार्जन गरी प्रति इकाई क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गरी बहुसंख्यक कृषकहरूको जीवनस्तर उकास्न उन्नत कृषि प्रविधिको प्रचार—प्रसार गर्ने उद्देश्यले जिल्ला कृषि विकास कार्यालय, गोरखाको स्थापना २०२४ सालमा भएको हो। देशको करीब ६०.४ प्रतिशत जनतालाई आश्रय दिदै अर्थतन्त्रको मेरूदण्डको रूपमा अग्रणी भूमिका खेल्दै आएको कृषि क्षेत्रको विकास नभएसम्म बहुसंख्यक जनताको जीवन स्तरमा सुधार ल्याउन नसकिने तथ्य निर्विवाद छ। प्रमुख वालीको रुपमा सुन्तला, तरकारी तथा मकै/भट्टमास लगाएत कृषिको विविध पक्ष खाद्यान्न बाली, फलफूल तथा तरकारी वाली, नगदे बाली, विशेष बाली (मौरी, च्याउ), मत्स्य पालन व्यवसाय आदिको दिगो विकास गर्ने क्रममा कृषि विकास कार्यालयले स्वीकृत नीति अनुरूप विविध कार्यक्रम संचालन गर्दै आएको छ । हाल आएर गण्डकी प्रदेश सरकार, भूमि व्यवस्था कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय अन्तगत रही कृषि ज्ञान केन्द्रको नाम बाट २०७५/०४/०१ गते स्थापना भई मिति २०७५/०५/०८ गते उद्धघाटन भएको थियो। यस कार्यालयले गोरखा जिल्लाका कृषकहरुलाई सेवा प्रदान गर्दै आई रहेको छ ।

## २ कृषि ज्ञान केन्द्रको कार्य विवरण

१.जिल्लाको कृषि तथ्याङ्क प्रोफाइल तयार तथा अध्यावधिक गर्ने,
२.स्थानिय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिबृद्धि,
३.व्यावसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालनको लागि तालिम तथा क्षमता,
४.आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शनी, परिक्षण तथा सिफारीस गर्ने,
५.माटो तथा मल, बिउ तथा वाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गरिने,
६. संघीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
७. प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन,
८. प्रधानमन्त्री कृषि आधुनिककीरण परियोजना अन्तरगत कमाण्ड क्षेत्रका जोन सुपरजोनको लागि प्राविधिक सेवा गराउने,
९.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तरगत कमाण्ड क्षेत्रका पकेट तथा ब्लकको कार्यक्रम संचालन तथा प्रविधिक सेवा गराउने,

१०. भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना मुल्य अभिवृद्धि श्रृङ्खला विकास तथा कार्यन्वयनको समन्वय गर्ने,
११.आर्थिक महत्त्वका स्थानीय कृषि विविधताको पहिचान संरक्षण तथा उपयोग गर्ने,
१२.विभिन्न बाली नालीका रोग किराहरुको पेष्ट म्याप तयार गर्ने,
१३.विभिन्न बालीनाली तथा रोगकिराहरुको संकलन पहिचान तथा संरक्षण गरी संग्राहलयको रुपमा विकास गर्ने,
१४.स्थानिय बाली, रैथाने बाली र लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम संकलन गरी लागि उपलब्ध गराउने सँग सहकार्य गर्ने,
१५.स्थानीय तहका कृषि ईकाईहरुबाट कृषि सम्बन्धी तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्याङ्क प्रादेशिक तथा संघीय तालुक निकायहरुमा पठाउने,
१६.बीउ विषादी तथा मलखाद बिक्रेताहरुको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरुको क्षमता अभिबृद्धि गर्ने,
१७.कमाण्ड क्षेत्र भित्र रहेका श्रोत केन्द्रहरु, फलफूल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने,
१८.कमाण्ड क्षेत्र भित्र रहेका फलफूल तथा तरकारीको नर्सरीहरुको तालुका निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने,
१९.निरोगिताको प्रमाणपत्र बिना बीउ, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपोसारमा तालुक निकायसँग समन्वय गरी रोक लगाउने,
२०.व्यावसायिक फर्म, बिमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, विषादी विक्रेता आदीको लागी सिफारिस प्रदान गर्ने,
२१.कमाण्ड क्षेत्र भित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागि प्राविधिक तथा व्यवासायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने,
२२.कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानिय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने,
२३.कृषि स्नातक तथा जे.टी./जे.टि.ए कोर्ष अध्यनरत विधार्थीहरुको लागी इन्टर्सिप कार्यक्रम संचालन गर्ने,
२४.संघीय एंव प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम,नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरुलाई सुसोचित गर्ने गराउने,

२५.स्थानीय तह अन्तर्रगत नगरपालिका, गाउँपालिका तथा वडाको बिस्तृत स्थलगत सर्वेक्षण गरी भुगोल, हावापानी, मोहोडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायिकिकरण लागि आधारभृत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने,
२६.नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने,
२७.संघीय तथा प्रदेशले सरकारले तोकेका अन्य प्राविधिक कार्यहरु गर्ने,
२८.समग्र कृषि विकासको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने,
२९.यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने,
३०.कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरु गर्ने,

# ३ कृषि ज्ञान केन्द्रको संगठनात्मक ढाँचा एवमं दरबन्दी विवरण

## ३.१ संगठनात्मक ढाँचा



## ३.२ दरबन्दी विवरण

| सि.नं. | स्वीकृत दरवन्दी विवरण | संख्या | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख | १ | १ | ० | |
| २ | कृषि प्रसार अधिकृत | १ | ० | १ | |
| ३ | बागवानी विकास अधिकृत | १ | १ | ० | |
| ४ | बाली संरक्षण अधिकृत | १ | १ | ० | करार |
| ५ | योजना अधिकृत | १ | ० | १ | |
| ६ | प्रा.स. (प्रसार) | १ | ० | १ | |
| ७ | प्रा.स. (वागवानी) | १ | ० | १ | |
| ८ | प्रा.स. (माटो) | १ | १ | ० | |
| ९ | लेखापाल | १ | १ | ० | |
| १० | खरिदार | १ | ० | १ | |
| ११ | सवारी चालक | १ | १ | ० | करार |
| १२ | का.स. | २ | २ | | १ जना करार |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १३ | ८ | ५ | |

# ४ कर्मचारीहरूको कार्यविवरण

## ४.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण

- जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनसुार कृषि विकास कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने गराउने।
- आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।
- जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूको सामाधानका लागि आवश्यक कार्य गर्ने।
- कृषकको माग अनुसार बिउ, बेर्ना, मल, विषादी, कृषि यन्त्र तथा उपकरण, कृषि विमा आदी उपलब्ध गराउन प्रवर्धन, अनुगमन, नियमन सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।
- आधुनिक तथा उन्नत कृषि प्रविधि प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गर्ने,
- कार्यालयको आर्थिक प्रशासन सम्बन्धि कार्यहरू गर्ने गराउने।
- कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने।

## ४.२ योजना शाखा

### ४.२.१ कृषि अर्थ विज्ञ (७/८ औं, एग्री इको) पदको कार्यविवरण

- सम्बन्धित स्थानिय तह र कार्यालयको विशेषज्ञ सेवा शाखाको समन्वयमा कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा गर्ने।
- कृषिको व्यवसायिकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने।
- स्थानीय तहबाट कृषि सम्बन्धी तथ्यांक संकलन गरी जिल्लाको कृषि तथ्यांक अध्यावधिक तथा प्रोफाइल तयार गर्ने।
- असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्यांक प्रादेशिक तालुक निकायहरूमा पठाउने।
- सङ्घिय एवं प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमवाली, निर्देशिका सम्बन्धी सरोकालवाला निकायहरूलाई सुसूचित गर्ने, गराउने।
- समग्र कृषि विकासको सम्बन्धमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्न सम्पर्क व्यक्तिको रुपमा काम गर्ने।

- कार्यक्रम कार्यान्वयनको अनुगमन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने।
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्ने।
- कृषि उपज बजारको अनुगमन गरी कृषि उपजको सहज विक्रिवितरणका लागि आवश्यक कार्यहरू सम्पादन गर्ने।
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन गर्ने।
- सहुलियत दरको कृषि ऋण र कृषिमा विमा प्रवर्धन कार्यको संयोजन गर्ने।
- कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक विवरण तयार गर्ने।

### ४.२.२ प्राविधिक सहायक/अधिकृत (५/६ औं, कृषि प्रसार) पदको कार्यविवरण

- कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा तथा प्रगति कम्पाईल तथा  तयारी गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- कृषि सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक तथा प्रोफाईल तयार गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- कृषि उपजको पाक्षिक तथा मासिक थोक मूल्य संकलन गर्ने।
- बाली कटानी गरी विभिन्न बालीको उत्पादकत्व सम्बन्धि तथ्यांक तयार गर्न सहयोग पुर्याउने।
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन तर्न सहयोग पुर्याउने।
- कृषि विमा प्रवर्धन सम्बन्धि कार्यहरू सम्पादन गर्ने।
- कृषि सम्बन्धि फार्म तथा उद्योगमा विद्युत सहज रूपमा पुर्याउन समन्वय गर्ने।

## ४.३ विशेषज्ञ सेवा शाखा

### ४.३.१ बागवानी बिकास अधिकृत (७ /८ औं, कृषि प्रसार) पदको कार्यविवरण

- नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा फलफूल, तरकारी, आलंकारिक वस्तु, खाद्यान्न, दलहन र तेलहन बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परिक्षण तथा सिफारिस सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।
- उपयूक्त प्रसार विधीको प्रयोग गरी सिफारिस भएका उन्नत कृषि प्रविधि कृषक समक्ष पुर्याउने।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरूलाई तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने।
- ब्यवसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने।
- कृषि यान्त्रिकरण प्रवर्धन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- माटो तथा मलखाद व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने। रसायनिक मलको आपूर्ति, भण्डारण र उपयोगको अनुगमन तथा प्रतिवेदन गर्ने।

- साना सिंचाई कार्यक्रमको संयोजक भई कार्यक्रम कार्यान्वयन गर्ने। खेतियोग्य जग्गामा सिंचाईको सुविधा बढाउन जिल्ला स्थित सिंचाई सम्बन्धि कार्यालयसंग समन्वय गर्ने।
- खाद्यान्न, दलहन, र तेलहन बालीखो उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने।
- व्यवसायिक कीट विकास केन्द्रसँग समन्वय गरी च्याउ खेति, रेशम उत्पादन र मौरीपालन प्रवर्धन सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।

### ४.३.२ बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण

- नेपाल कृषि अनुसन्धान परिषद् समन्वयमा आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन एवं परिक्षण सम्बन्धि कार्यहरू सञ्चालन तथा समन्वय गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी निर्देशनालय मातहातका कार्यालयहरूलाई नयाँ तथा उन्नत प्रविधि बारे अध्यावधिक गराई प्राविधिक क्षमता र दक्षता अभिबृद्धि गर्ने कार्यमा सहयोग गर्ने।
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरण कार्यको अनुगमन, समन्वय तथा सहजीकरण गर्ने।
- कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवं समन्वयात्मक कार्यहरूमा सहयोग गर्ने।
- कृषि उत्पादनका लागि आवश्यक सामाग्रीहरू जस्तै मल, बिउ, कृषि यन्त्र तथा उपकरणको आपूर्ति अवस्थाको नियमित अनुगमन तथा मूल्यांकन गरी कृषि सामाग्रीको उपलब्धता सहज बनाउने सम्बन्धि कार्य गर्ने।
- निर्देशनालय मातहतका कार्यालयहरूबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने।
- कृषि बाली वस्तुमा व्यवसायिकता एवं प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कार्यहरूको कार्यान्वयन गर्ने।

### ४.३.३ प्राविधिक सहायक/अधिकृत (५/६ औं, वागवानी) पदको कार्यविवरण

- तरकारी र फलफूल बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।
- तरकारी बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।
- फलफूल बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।
- बिउ बिक्रेताहरूको अनुमति र नवीकरण सम्बन्धि कार्य सम्पादन गर्ने।
- तरकारी, फलफूल र नगदे बाली खेति सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउने।
- फलफूल तथा तरकारीखा नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी जिल्लालाई आवश्यक विरूवा तथा वेर्नाको व्यवसायिक उत्पादन प्रवर्धन सम्बन्धि कार्य गर्ने।

### ४.३.४ प्राविधिक सहायक/ अधिकृत (५/६ औं, माटो ) पदको कार्यविवरण

- जिल्लामा स्थित प्रयोगशालाको नियमित सञ्चालनमा ल्याई माटो परिक्षण गर्ने।
- जिल्लाका विभिन्न स्थानहरूमा माटो शिविर सञ्चालन गर्ने र स्थानीय प्राविधिकहरूको दक्षता वृद्धी गर्ने।
- किसानहरूमा माटो सम्बन्धी प्राविधिक पृष्ठपोषण गर्ने र माटोलाई स्वस्थ बनाउन आवश्यक सहयोग गर्ने।

- 
- 
- 
- 

## ४.४ प्रशासन शाखा

### ४.४.१ लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण

- कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आयोजना र कार्यक्रमहरूको आवधिक विवरण तथा फाँटवारीहरू तयारी सम्बन्धी कार्य गर्ने,
- कार्यालयबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरूको साधारण तथा पूँजिगत बजेट तयारीखा क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्न,
- जिल्ला स्थित प्रदेश लेखा नियन्त्रकको कार्यालयको ईकाईबाट चालु र पुँजिगत बजेट निकासा लिने, आर्थिक कारोवार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने,
- महालेखापरिक्षकको कार्यालयबाट औंल्याईएका वेरूजु तथा पेश्की फर्छ्यौट सम्बन्धी कार्य गर्ने,

### ४.४.२ सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण

- कार्यालयका कर्मचारीहरूको विदा, काज, सरूवा, लगायतका प्रशासनिक कार्यहरू सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने,
- कार्यालय निरिक्षण, पालो-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरू गर्ने गराउने,
- कार्यालयका कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन सम्बन्धि सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने,
- कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धि कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने,
- कार्यालयको जिन्सी तथा पुँजिगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धि कार्यहरू सम्पादन गर्ने।

## ५ कृषि ज्ञान केन्द्रबाट प्रदान गरिने सेवा

| क्र.स. | सेवाको प्रकृति | सेवाग्रहीले पुर्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क/दस्तुर | लाग्ने समयावधी | जिम्मेवार शाखा | कोठा नम्बर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | अनुदान प्रवाह कार्यक्रम | निर्दिष्ट फर्मेट बमोजिम प्रस्ताव र रू १० को हुलाक टिकट<br>स्थानीय तहको सिफारिस<br>फर्म/समुह/सहकारी आदि प्रमाण पत्रको प्रतिलिपि<br>कर चुक्ता प्रमाणपत्र प्रतिलिपी<br>कार्ययोजना<br>कृषक बर्गीकरण परिचय पत्र प्रतिलिपी<br>कार्यविधिले माग गरे बमोजिमका अन्य कागजात | कार्यविधिमा उल्लेख भए बमोजिम | कार्यलयको कार्ययोजना अनुसार | योजना शाखा/बिशेषज्ञ शाखा | ७,९ | प्रमुख |
| २ | कृषि सम्बन्धी तालिम/गोष्ठी | आवश्यक पर्ने तालिमको विवरण खुलाई निवेदन र रू १० को हुलाक टिकट<br>कृषक बर्गीकरण परिचय पत्र प्रतिलिपी | निः शुल्क | वर्षभरी | योजना शाखा | | प्रमुख |
| ३ | बीउ उत्पादक बिक्रेता दर्ता तथा नविकरण | निर्दिष्ट फर्मेट, नागरिकताको प्रतिलिपी , रू १० को हुलाक टिकट, तालिप प्राप्त पत्रको प्रतिलिपी | नयाँ- रू ४००/-<br>नविकरण- रू २००/- | ६ दिन | विशेषज्ञ शाखा | ७ | प्रमुख |
| ४ | विषादी विक्रेता दर्ता तथा नविकरण | निर्दिष्ट फर्मेट, प्रमाण पत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, स्थानीय तह कृषि शाखाको सिफारिस, निवेदन रू १० को हुलाक टिकट | नयाँ- रू५०० नविकरण- रू २००/- | सोही दिन | विशेषज्ञ शाखा | ७ | प्रमुख |
| ५ | कृषि विमा शुल्कमा २०% अनुदान | निर्दिष्ट फर्मेट, प्रमाण पत्रको प्रतिलिपी, निवेदन र रू १० को हुलाक टिकट, जग्गाको लालपुर्जा प्रतिलिपी, स्थानीय तहको सिफारिस पत्र | निः शुल्क | सोहि दिन | विशेषज्ञ शाखा | ७ र ९ | प्रमुख |
| ६ | कृषि फर्म दर्ताको | कार्ययोजना, प्रमाण पत्रको प्रतिलिपी, निवेदन रू १० | निःशुल्क | सोहि दिन | योजना शाखा | ९ | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि सिफारिस पत्र | को हुलाक टिकट, जग्गाको लालपुर्जा प्रतिलिपी, स्थानीय तहको सिफारिस | | | | | |
| ७ | माटो परिक्षण | माटोको नमुना, निवेदन , जाँच गर्नुपर्ने खाद्यत्वको विवरण | पि.एच.-१० नाइट्रोजन-८० पोटास-८० प्रांगारिक पदार्थ-१०० फस्फोरसः १०० | १५ दिन | विशेषज्ञ शाखा | ७ र९ | प्रमुख |
| ८ | बालीनालीहरूको रोग किरा परिक्षण | नमुना, निवेदन रू १० को हुलाक टिकट | निःशुल्क | १ हप्ता | विशेषज्ञ शाखा | ७ र ९ | प्रमुख |
| ९ | प्राविधिक सेवा | लिखित/मौखिक निवेदन | निःशुल्क | सोही दिन/ठाउँ अनुसार | योजना/विशेषज्ञ शाखा | ७ र ९ | प्रमुख |
| १० | अन्य सिफारिस | निवेदन, नागरिकताको प्रतिलिपी, कार्य प्रकृति अनुसार र अन्य कागजातहरू, स्थानीय तहको सिफारिस, सरकारी/समुह/फर्म दर्ताको प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र, तथा अन्य आवश्यक कागजातहरू | निःशुल्क | सोहि दिन | योजना शाखा | ९ | प्रमुख |
| ११ | कार्यालयसँग सम्बन्धित भुक्तानी | निवेदन, स्वीकृत आदेश, बिल भरपाई, निर्णय एवं पुष्ट्याइ हुने कार्यविधि बमोजिमका अन्य कागजातहरू | | | | | |

## ६ कृषि ज्ञान केन्द्र, गोरखाको शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | विशेषज्ञ शाखा | |
| २ | योजना शाखा | |
| ३ | प्रशासन फाँट | |

## ७ .सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### ७.१ प्रशासन शाखा

- आ.व. २०७८/७९ को असार मसान्तसम्म केन्द्रको बेरूजुको तत्थाङ्क अभिलेख कायम राखी फच्छौर्टको लागि आवश्यक पहल गरेको।
- विभिन्न निकायबाट विविध विषयमा सिफारिसका लागि अनुरोध भई आएका पत्र सम्बन्धित मन्त्रालय/निकायमा सिफारिस गरी पठाइएको।
- विनियोजन राजश्व तथा खर्चको लेखाङ्कन गरेको।
- आ.ले.प, म.ले.प गराइको र बेरूजु फर्छ्यौटको काम कारबाही सुरू गरेको साथै असुलउपर गरिनु पर्ने बेरूजुबाट २६२००/- रकम फर्छौंट गरिएको।

### ७.२ योजना शाखा

| क्र.स. | सम्पादित कार्यक्रम | विवरण |
|---|---|---|
| १ | प्रगति समिक्षा तथा सार्वजनिक सुनवाई गोष्ठी | कार्यक्रमको प्रगति वारे छलफलहुनुको साथै कार्यक्रम संचालन गर्दा आईपरेका समस्याको वारेमा जानकारी |
| २ | स्थानिय तहका प्राविधिकहरूसँग समन्वयात्मक बैठक | कार्यक्रमलाई कसरी प्रभावकारी बनाएर लैजाने भन्ने वारेमा छलफल भई मार्गनिर्देशन अनुसार काम गर्न सजिलो भएको |
| ३ | स्थलगत तालिम | ७ वटा च्याउ, सुन्तलाजात फलफूल, तरकारी खेती सम्बन्धी स्थलगत तालिम सम्पन्न |
| ४ | प्रदर्शनी कार्यक्रम | १३ औं गोरखा महोत्सवको अवसरमा कृषि मेला-प्रदर्शनी वाट उत्कृष्ट उपजहरूलाई पुरस्कृत गरिएको |

| | | |
|---|---|---|
| ५ | क्रप कटिङ | १०० वटा ठाउँबाट बर्खे धान, आलु र तोरीको क्रप कटिङ गरिएको |
| ६ | सुचना प्रकाशन | प्रादेशिक र संघीय सशर्त कार्यक्रमका सूचना प्रकाशन गरिएको |

## ७.३ विशेषज्ञ सेवा शाखा

| क्र.स. | सम्पादित कार्यक्रम | विवरण |
|---|---|---|
| १ | बाली उपचार शिविर | सिरानचोक गा.पा, भिमसेनथापा गा.पा र आरूघाट गा.पा बाली उपचार शिविर सञ्चालन गरिएको। |
| २ | आलु खेति प्रवर्द्धन कार्यक्रम | चुमुनुब्री, बारपाक सुलिकोट, धार्चे गा.पा लगायत स्थानहरूमा सञ्चालन भएको |
| ३ | विशेष बाली प्रवर्द्धन कार्यक्रम | धार्चे गा.पा, गोरखा न.पा लगायतका स्थानमा सञ्चालन भएको र ५ वटा नुदानग्राहीहरूको काम सम्पन्न भई भुक्तानि दिईएको |
| ४ | मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ | गोरखा न.पा, आरूघाट गा.पा, अजिरकोट गा.पा, |
| ६ | कृषि शिविर | भिमसेनथापा गा.पा, पालुङटार न.पा र गोरखा न.पा गरी ५ वटा स्थानहरूमा २८४ वटा माटोको नमुना किट बक्स द्वारा जाँची अम्लियताका आधारमा कृषि चुन वितरण गरिएको |
| ७ | साना व्यवसायिक कृषि फर्म स्थापना कार्यक्रम | साना व्यवसायिक फर्म स्थापना अन्तरगत १ वटा कृषि फर्मलाई ३० वटा गोला सहितको मौरी घार तथा मह मदानी अनुदानमा प्रदान गरिएको। |
| ८ | प्रयोगशाला सेवा सञ्चालन | कृषकद्वारा यस कार्यालयमा ल्याईएका १४ वटा नमुनाहरूको जाँच गरिएको |
| ९ | उन्नत प्रविधि प्रदर्शनी | अकबरे र मकै बालीमा क्रमश गण्डकी गा.पा र गोरखा न.पा मा सञ्चालन गरिएको। |
| १० | आई.पि.एम पाठशाला सञ्चालन | गोरखा न.पा-१४, गोरखा न.पा-१३ र आरूघाट गा.पा मा पाठशाला सञ्चालन गरिएको |

## ८ सुचना अधिकारी र प्रमुखको नाम पद

**सुचना अधिकारीः**

नामः प्रमोद गैह्रे

पदः बागवानी विकास अधिकृत

सम्पर्क नः ९८४६३६१९१८/९८५६०४०६४९

इमेल ठेगानाः akcgorkha@gmail.com

**प्रमुखः**

नामः परशुराम अधिकारी

पदः प्रमुख (अधिकृतस्तर दशौं)

सम्पर्क नः ९८५६०३०६४९

इमेल ठेगानाः akcgorkha@gmail.com

## ९ आर्थिक कारोबार सम्बन्धी आद्यावधिक विवरण

### ९.१ बार्षिक बित्तिय प्रगति प्रतिवेदन २०७९/८० (प्रथम चौमासिक)

| बजेट शिर्षक | आयोजना/कार्यक्रमको नाम | स्वीकृत जम्मा वार्षिक बजेट | | | अष्ठमासिक मात्र स्वीकृत बजेट | | | दोस्रो चौमासिकको मात्र खर्च | | | दोस्रो चौमासिकको खर्च प्रतिशत | | | विनियोजित वार्षिक बजेटको तुलनामा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | |
| बजेट शिर्षक नं ३१२०१०६०१४ | प्रदेश शसर्त अनुदान अन्तर्गतको जम्मा | १२०० | ६२२९९ | ६३४९९ | १२०० | ४९८७९ | ५१०७९ | ६७७.२ | ५७३५ | ६४१३ | १३५.४ | १४.४९ | १५.९९९१ | ९७.८५ | १६.८७ | १८.३९६५ | |
| | मुख्यमन्त्री जलवायू मैत्री नमूना कृषि गाँउ कार्यक्रमको मात्र | ० | ७१८० | ७१८० | ० | ७१८० | ७१८० | ० | ७.६५ | ७.६५ | ० | ०.२१३ | ०.२१२५ | ० | ०.१०७ | ०.१०६५५ | |
| | विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रमको मात्र | ० | ४००० | ४००० | ० | ४००० | ४००० | ० | ० | ० | ० | ० | ० | ० | ३३.७ | ३३.७०१७ | |
| | साना व्यवसायिक कृषि फर्म स्थापना तथा विस्तार कार्यक्रमको मात्र | ० | ८००० | ८००० | ० | ४००० | ४००० | ० | १३३ | १३३ | ० | ३.३२५ | ३.३२५ | ० | १.६६३ | १.६६२५ | |
| बजेट शिर्षक नं ३१२००१२० | संघीय कार्यक्रम अन्तर्गत | ० | ९८९५ | ९८९५ | ० | ८०९८ | ८०९८ | ० | ५० | ५० | ० | ०.७५६ | ०.७५६०९ | ० | २३.९७ | २३.९७४७ | |
| DoA | ३१२९११२२ DoA | ० | ५४०० | ५४०० | ० | ५१०० | ५१०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ADS | ३१२९११२० ADS | ० | १०० | १०० | ० | ६३ | ६३ | ० | ५० | ५० | ० | १३१.६ | १३१.५७९ | ० | ९८.३ | ९८.३ | |
| PMAMP | ३१२९११२१ PMAMP | | ४३९५ | ४३९५ | ० | २९३५ | २९३५ | ० | ० | ० | ० | ० | ० | ० | ५१.७४ | ५१.७४०६ | |
| जम्मा | कूल जम्मा | १२०० | ७२१९४ | ७३३९४ | १२०० | ५७९७७ | ५९१७७ | ६७७.२ | ५७८५ | ६४६३ | १३५.४ | १२.५२ | १३.८४०३ | ९७.८५ | १७.८४ | १९.१४८६ | |

## ९.२ बेरूजु विवरण

| वेरुजुको प्रकार | वेरुजु रकम रु. | | | चालु आ.व.मा फछ्यौंट भएको रु. | फछ्यौंट हुन बांकी |
|---|---|---|---|---|---|
| | ०७८/०७९ भन्दा पहिलेको | ०७८/७९ को मात्र | जम्मा | | |
| नियमित गर्नु पर्ने | ५०२०७६७ | १५२६९९ | ५१७३४६६ | ० | ५१७३४६६ |
| असुली गर्नु पर्ने | ० | १७१८१४ | १७१८१४ | ७२९६ | १६४५१८ |
| जम्मा | ५०२०७६७ | ३२४५१२.९७ | ५३४५२८० | ७२९६ | ५३३७९८३.९७ |

## ९.३ राजस्व विवरण

**आ.व. २०७९।८० को अष्ठमासिक**

| क्र.सं. | राजश्वको श्रोत | राजश्व (रु.) | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोश्रो चौमासिक | अष्ठमासिक जम्मा |
| १ | बेरुजु | ३४५१० | ५५०६४ | ८९५७४ |
| २ | माटो परिक्षण | २०० | १०१० | १२१० |
| ३ | कृषि उत्पादन बिक्रि | ० | १९९४० | १९९४० |
| **जम्मा** | | ३४७१० | ७६०१४ | ११०७२४ |

## १० कृषि ज्ञान केन्द्र, गोरखाको कार्यक्षेत्र रहेको पालिकामा कार्यरत कृषि प्राविधिकहरूको सम्पर्क विवरण

| **जिल्ला** | **स्थानीय तहको नाम** | **कृषि प्राविधिकको नाम** | **पद** | **सम्पर्क नं** | **ईमेल** |
|---|---|---|---|---|---|
| **गोरखा** | गोरखा न पा | नवीन अधिकारी | प्रा.स. (शाखा प्रमुख) | ९८५६०७५३८८ | |
| | गोरखा न पा | ओसिन गुरुङ | प्रा.स | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गोरखा न पा | सुनिता डगौरा | ना.प्रा.स. | ९८४५४०२७९४ | sunitadangaura77@gmail.com |
| | आरुघाट गा पा | सुजन दवाडी | प्रा.स. (शाखा प्रमुख) | ९८४९९४३१८० | sujandawadi2@gmail.com |
| | आरुघाट गा पा | अश्विन तिवारी | ना.प्रा.स | ९८४६६२४८९६ | |
| | आरुघाट गा पा | रजनी थापा | ना.प्रा.स | ९८६९१५५९९८ | |
| | आरुघाट गा पा | गणेश कार्की | ना.प्रा.स. | ९८१३८७७४०९ | karkiganesh020@gmail.com |
| | चुमनुब्री गा पा | असोक जोसी | ना.प्रा.स | ९८६५६९६१०७ | |
| | चुमनुब्री गा पा | ईमान गुरुङ | ना.प्रा.स. (शाखा प्रमुख) | ९७४३१२३७८३ | |
| | गण्डकी गा पा | एन्जिला देवकोटा | कृषि विकास अधिकृत (शाखा प्रमुख) | ९८४९९८३२५८ | |
| | गण्डकी गा पा | बिनोद थारू | ना.प्रा.स | ९८६६७५३३७७ | |
| | गण्डकी गा पा ६ | रुपा श्रेष्ठ | ना.प्रा.स. | ९८६०७५८१८६ | rupa.shrestha35@gmail.com |
| | गण्डकी गा पा २ | सुदिपा तिवारी | ना.प्रा.स. | ९८४५३२८७६६ | sudipatiwari8@gmail.com |
| | गण्डकी गा पा १ | दिपेन्द्र बिष्ट | ना.प्रा.स. | ९८६५०७८५०१ | bistdipendra53@gmail.com |
| | गण्डकी गा पा ५ | निरमाया थापा मगर | ना.प्रा.स. | ९८६१५१६५०८ | nirmayathapa958@gmail.com |
| | गण्डकी गा पा | ऋचा देवकोटा | प्रा.स | ९८४५७३६४१४ | |
| | धार्चे गा पा | । । । । । | कृषि अधिकृत (शाखा प्रमुख) | । । । । । | ।।। |
| | धार्चे गा पा | सुरेन्द्र गुरुङ | ना प्रा स | ९८४५७०६४५४ | suren.grg96@gmail.com |
| | शहिदलखन गा पा | ऋषि रोका | कृषि अधिकृत (शाखा प्रमुख) | ९८४६२५५५८८५ | |
| | शहिदलखन गा पा १ र २ | शिला कोइराला | प्रा स | ९८४६०९८७६७ | |
| | शहिदलखन गा पा ४ र ५ | बिनिता भण्डारी | प्रा स | ९८४६०८५६८८३ | |
| | शहिदलखन गा पा २ | जमुना प्रजा | ना प्रा स | ९८६५१५४२८४ | |
| | शहिदलखन गा पा ६ | अभिशेक गुरुङ | ना प्रा स | ९८११८१६८१४७ | |
| | शहिदलखन गा पा ९ | कृति श्रेष्ठ | ना प्रा स | ९८४७७६०९४४ | |

| | | | | |
|---|---|---|---|---|
| शहिदलखन गा पा ७ | बिर्सना तिवारी | ना प्रा स | ९८२४१६७१२८ | |
| शहिदलखन गा पा ८ | दिक्षा खनाल | ना प्रा स | ९८०६५५४७९२ | |
| सिरानचोक गा पा | गणेश बस्नेत | कृषि अधिकृत | ९८१३८७७४०१ | |
| सिरानचोक गा पा | दिलिप राई | ना.प्रा.स | ९८४१०७९५५४ | |
| सिरानचोक गा पा | शारदा थापा | ना.प्रा.स | ९८६९६५४६९३ | |
| सिरानचोक गा पा | राम सुरत थारु | ना प्रा स (शाखा प्रमुख) | ९८४८१४३५६३ | chaudharyramsurat243@gmail.com |
| अजिरकोट गा पा | समिर पोखरेल | कृषि अधिकृत (शाखा प्रमुख) | ९८४९९११२७१ | samirpokhrel90@gmail.com |
| अजिरकोट गा पा | दिपक बि क | ना प्रा स | ९८४८९१९८४३ | |
| अजिरकोट गा पा | जमुना दवाडी | ना प्रा स | ९८५६०७०७७६ | |
| अजिरकोट गा पा | जमुना गुरुङ | ना प्रा स | ९८०४१७४३७१ | |
| वारपाक सुलिकोट गा पा | विनोद विश्वकर्मा | प्रा स (शाखा प्रमुख) | ९८६५००४३३५ | |
| वारपाक सुलिकोट गा पा | रोजिना मग्राती | ना.प्रा.स | ९८६०५५३६५३ | |
| वारपाक सुलिकोट गा पा | प्रेम प्रकाश आर सी | ना प्रा स | ९८६७७५१७६४ | |
| वारपाक सुलिकोट गा पा | जयलाल बुढा | प्रा. स | ९८६८३२४१७८ | |
| पालुङटार न पा | सर्मिला ढकाल | कृषि अधिकृत (शाखा प्रमुख) | ९८४६४६१९६२ | |
| पालुङटार न पा | लक्ष्मी देवकोटा | सहाकस्तर पाचौ | ९८४६५८९९३२ | |
| पालुङटार न पा | चण्डिका पोखरेल | ना प्रा स | ९८४६०८७२४१ | |
| पालुङटार न पा | पुष्पा कार्की | ना प्रा स | ९८४५२६४०९४ | kapuspa5@gmail.com |
| भिमसेन थापा गा पा | बिनोद भन्तना | कृषि अधिकृत(शाखा प्रमुख) | ९८६६०५५११७ | |
| भिमसेनथा गा पा | सुनिल कुमार यादव | प्रा.स | ९८२१९२४८५५ | |
| भिमसेनथा गा पा | सिर्जना गुरुङ | ना प्रा स | ९८४६३४०१०१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भिमसेनथा गा पा | शुष्मा के.सि | ना.प्रा.स | ९७४८७१३५१२ | |